नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९
स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० अंक ६ २०७७ साल साउन ७ गते बुधबार (22 July 2020 Wednesday) मूल्य रु. ५/-

Log on : rajbirajdainik.com.np

*यस अंक भित्र :* २ पृष्ठमा : लामो दूरीका यातायात ... ३ पृष्ठमा : भुइँका जहाजले आकाश ... ३ पृष्ठमा :विश्वमा कोरोना भाइरस ...

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- संक्रामक रोग फैलाउनेलाई दश वर्षसम्म कैद र एकलाख रुपैयाँसम्म जरिवाना हुने,
- एच.आई.भि वा हेपाटाईटिस बी को रोग फैलाउनेलाई दश वर्षसम्म कैद र एकलाख रुपैयाँसम्म जरिवाना हुने,
- यातना दिनेलाई पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- व्यक्ति बेपत्ता पार्नेलाई पन्ध्र वर्षसम्म कैद र पाँचलाख रुपैयाँसम्म जरिवाना हुने,
- अपहरण गर्ने वा शरीर बन्धक लिनेलाई सात वर्षदेखि दश वर्षसम्म कैद र सत्तरी हजार देखी एक लाख रुपैयाँसम्म जरिवाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

# राजविराज नगर क्षेत्रमा अनिश्चितकालिन पूर्ण लकडाउन



**दैनिक समाचारदाता**
**राजविराज, ६ साउन ।**

कोरोना समुदायमा फैलिने सम्भावना बढ्दै गएपछि राजविराज नगरपालिकाले बुधबारदेखी नगर क्षेत्र भित्र अनिश्चितकालिन पूर्ण लकडाउन गर्ने निर्णय गरेको छ ।

मंगलबार नगर प्रमुख शम्भुप्रसाद यादवको अध्यक्षतामा बसेको आकस्मिक बोर्ड बैठकले नगर क्षेत्रलाई बुधबार बिहान ७ बजेदेखी अर्को सूचना जारि नहुन्जेलसम्म पूर्णरुपमा लकडाउन गर्ने निर्णय गरेको हो ।

बैठकपछि नगरपालिकाद्वारा जारि गरिएको प्रेस विज्ञप्तिमा पूर्ण लकडाउन अवधीमा सरकारी कार्यालय, बैंक तथा बित्तिय संस्था, पसल, उद्योग, यातायात बन्द गर्ने निर्णय भएको उल्लेख छ । स्वास्थ्य सँग सम्बन्धीत तथा अन्य अतिआवश्यक सेवा भने सूचारु रहने विज्ञप्तिमा उल्लेख छ ।

जिल्लामा अहिले सम्म तीन सय ८४ जना कोरोना संक्रमित फेला परिसकेका छन् । कोरोना भाइरसको महामारी नियन्त्रणमा पछिल्लो समय नगर क्षेत्रमा लापरवाही देखिएको तथा दिनहुँ संक्रमित फेला पर्न थालेपछि जनगुनासो बढ्दै गएकोले नगरपालिकाले त्यस्तो निर्णय गरेको बताइएको छ ।

संक्रमित देखिएकाहरु समुदायमा घुलमिल भएको अवस्था देखिएको तथा बुद्धिजिविहरुबाट लकडाउनमा कडाई गर्न सुझाव दिएपछि नगरक्षेत्रमा पूर्ण लकडाउन गर्ने निर्णय गरिएको नगरप्रमुख यादवको भनाई छ ।

# सप्तरीमा कोरोना संक्रमितको संख्या ३ सय ९०

## २ सय ७८ जना निको भए

**दैनिक समाचारदाता**
**राजविराज, ६ साउन ।**

सप्तरीमा मंगलबार एक महिलासहित ५ जनामा कोरोना संक्रमणको पुष्टि भएसँगै सप्तरीमा हालसम्म कोरोना संक्रमितको संख्या ३ सय ९० पुगेको छ ।

पछिल्लो पटक मंगलबार राजविराजकाका २ जना तथा खडक नगरपालिकाका १ र सप्तकोशी नगरपालिका २ जनामा कोरोना संक्रमणको पुष्टि भएको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ । राजविराजका संक्रमित दुबै जना पति पत्नि हुन् ।

यसैगरि जिल्लामा मंगलबार ७ जना कोरोनाबाट निको भइ घर फर्किएसँगै निको हुनेको संख्या २ सय ७८ पुगेको छ ।




# कोशीमा खतराको संकेत स्वरुप रातो बत्ती र झण्डा

**दैनिक समाचारदाता**
**राजविराज, ६ साउन ।**

निरन्तरको वर्षा सँगै सप्तकोशी नदीमा यस वर्षकै उच्च बहाव पुगेपछी खतरा सम्बन्धी संकेत स्वरुप मंगलवार रातो बत्ती बालिनुका साथै रातो झण्डा राखिएको छ ।

लगातार वर्षाका कारण नदीमा आउने बाढीको उतार चढावलाई प्रत्येक घण्टा रेकर्ड गर्दै आएको कोशी ब्यारेज कन्ट्रोल रुपले मंगलबार साँझ ५ बजे यस वर्षकै सर्वाधिक पानीको बहाव ३ लाख ७१ हजार ९ सय ९० प्रति सेकेण्ड पुगेको जनाएको छ ।

पानीको वहाव खतराको



नजिक पुगेपछी कोशी ब्यारेजका ५६ वटा ढोका मध्ये अहिले ४८ वटा ढोका खुला राखिएको छ । सप्तरीका प्रहरी उपरिक्षक कृष्ण प्रसाईले सप्तकोशीमा पानीको मात्रा अध्याधिक भएपछी खतरा सम्बन्धि संकेत स्वरुप रातो बत्तीसँगै रातो झण्डा राखिने गरिएको बताए ।

कोशी ब्यारेजमा पानीको वहाव १ लाख ५० हजार काट्ने वित्तिकै सर्वसाधारणलाई सचेत गर्नका निम्ति खतराको संकेत स्वरुप पश्चिम तर्फ रातो बत्ती बाल्ने गरिन्छ । २ लाख नाघे पछी पूर्व तर्फ अर्को रातो बत्ती तथा ३ लाख काट्ना साथ मध्य भागमा पनी रातो बत्तीसँगै रातो झण्डा राखिने गरिएको उनको भनाई छ ।

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु →

जनज्योति कृषि सहकारी संस्था लि.
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

ipay remit, WESTERN UNION MONEY TRANSFER, Best Remit, Prabhu Money Transfer, City Express, IME International Money Express, IME pay, himal remit हिमालरेमिट, CG Money, MoneyGram money transfer

# लामो दूरीका यातायात भदौ १ देखि खुल्ने

काठमाडौँ, ६ साउन (रासस)।

कोभिड १९ को संक्रमण रोक्न चैत ११ देखि लागू गरेको बन्दाबन्दीलाई झण्डै चार महिनापछि मंगलबार रातिदेखि लागू हुने गरी विधिवत् रूपमा अन्त्य गरेसँगै सरकारले अधिकांश सेवा सञ्चालन गर्ने निर्णय गरेको छ।

आर्थिक गतिविधिलाई सहजीकरण गर्दै यसअघि केही सेवा सञ्चालन गरिएकामा सोमबारको निर्णयले अन्य थप सेवा सञ्चालन हुने भएको छ। जोखिम कायम रहेका केही सीमित गतिविधिमा रोक लगाउने यसअघिको निर्णय भने कायम राखेको छ।

सोमबार बसेको मन्त्रिपरिषद् बैठकले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय उडान र लामो दूरीको यातायात सेवासमेत भदौ १ देखि सञ्चालन गर्ने निर्णय गरेको छ। सरकारले संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले तोकेको मापदण्डबमोजिम हुने गरी आन्तरिक तथा अन्तर्राष्ट्रिय व्यावसायिक तथा अन्य उडान भदौ १ देखि सञ्चालन गर्ने निर्णय गरेको छ।

यस्तै भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले तोकेको मापदण्डअनुसार हुने गरी छोटो, मध्यम तथा लामो दूरीमा जिल्लाभित्र र अन्तर जिल्लामा सञ्चालन हुने गरी निजी तथा सार्वजनिक यात्रुवाहक सवारीसमेत भदौ १ गतेबाट सञ्चालन गर्ने निर्णय गरेको सरकारका प्रवक्ता अर्थ, सञ्चार तथा सूचना प्रविधिमन्त्री डा युवराज खतिवडाले जानकारी दिनुभयो।

सोमबार बसेको मन्त्रिपरिषद्को निर्णय सार्वजनिक गर्न मंगलबार सिंहदरबारमा आयोजित पत्रकार सम्मेलनमा मन्त्री डा खतिवडाले अन्तर्राष्ट्रिय खेलकूदका प्रशिक्षण तथा प्रारम्भिक चरणका खेलसमेत भदौ १ देखि नै सञ्चालन गर्न सकिनेछ।

सामूहिक भोज पार्टी, सेमिनार, वा अन्य सामूहिक भेलाबाहेक होटल, रेष्टुरेन्ट तथा ट्रेकिङ, ट्राभल र पर्वतारोहणका गतिविधि पनि साउन १५ देखि सञ्चालन गर्ने निर्णय सरकारले गरेको छ।

**भदौ १ देखि विद्यार्थी भर्ना र परीक्षा चल्ने**

विद्यार्थी भर्ना, शैक्षिक तथा अन्य परीक्षासमेत भदौ १ बाट सञ्चालन गर्न सकिने सरकारका प्रवक्ता डा खतिवडाले जानकारी दिनुभयो।

विद्यालय कलेज, टच्युशन सेन्टर तालीम केन्द्र सबै प्रकारका सभा, गोष्ठी, तालीम, सेमिनार, सबै प्रकारका प्रदर्शनी, भेला तथा सम्मेलन, सिनेमाहल, पार्टी, प्यालेस डान्सबार मनोरञ्जल स्थलहरू भने अर्को सूचना नआए सम्मका लागि सञ्चालनमा रोक लगाइएको छ। यद्यपि कोभिड–१९ को प्रभाव र त्यसको सङ्क्रमणको अवस्थाका आधारमा भदौ १ अघि नै सरकारले उक्त विषयमा निर्णय लिन सक्नेसमेत मन्त्री डा खतिवडाले जानकारी गराउनुभयो।

उहाँका अनुसार सैलुन, ब्युटीपार्लर, स्विमिङपुल, जिमखाना, धार्मिक तथा सामाजिकस्थल, समूहमा खेलिने खेल, पुस्तकालय सङ्ग्रहालय चिडियाखाना पनि अर्को सूचना जारी नभएसम्मका लागि सञ्चालन गर्न पाइने छैन।

सेवा सञ्चालन भएका क्षेत्रमा भने कम्तीमा दुई मिटरको भौतिक दूरी कायम गर्नुपर्नेछ। मास्क प्रयोग गर्नुपर्ने, पटकपटक साबुन पानीले हात धुनुपर्ने, सानिटाइजरको प्रयोग गर्नुपर्नेछ। सरकारले सङ्कटका कालोबजारी र जम्माखोरी गर्ने व्यक्तिहरूलाई भने कानूनअनुसार कारवाही गर्ने जनाएको छ।

**अन्तराष्ट्रिय सीमा आवागमन साउन ३२ सम्म रोक**

सरकारले अन्तर्राष्ट्रिय सिमानाबाट नेपाल प्रवेशमा लगाएको रोक कायमै राखेको छ। यसरी प्रवेश गर्ने सबै विन्दु र खुला सिमानाको जुनसुकै स्थानबाट हुनसक्ने यात्रुको आवागमन स्थगित गर्ने यसअघिको निर्णयलाई आगामी साउन ३२ सम्म कायमै राखिएको डा खतिवडाले बताउनुभयो। तर अत्यावश्यक सामग्रीको ढुवानी तथा असहज परिस्थितिमा स्वदेश आउनै पर्ने अवस्थामा व्यक्तिका लागि भने तोकिएको विन्दुबाट प्रवेशको व्यवस्था गरिनेछ।

सरकारी कार्यालय पूर्ववत् रुपमै, गाडीको जोर/बिजोर प्रणाली हट्यो

मन्त्री खतिवडाले सिफ्टमा सञ्चालन गरेका सरकारी कार्यालय भने पूर्ववत् रूपमा सञ्चालन हुने जानकारी दिनुभयो। उहाँका अनुसार सरकारी कार्यालयहरू अब बिहान १० देखि साँझ ५ बजेसम्म सञ्चालन हुने छ।

यसअघि सरकारले बिहान ८ देखि १ र १ देखि ५ बजेसम्म दुई सिफ्टमा कार्यालय सञ्चालन गर्ने निर्णय गरेको थियो। सरकारले सवारी साधनमा लगाउँदै आएको जोरबिजोर प्रणालीसमेत हटाएको डा खतिवडाले जानकारी दिनुभयो।

## 'काँग्रेसमा संस्थापन इतरबाट एक मात्र सभापतिको उम्मेदवार हुने'

काठमाडौँ, ६ साउन (रासस)।

नेपाली काँग्रेसका महामन्त्री डा शशाङ्क कोइरालाले पार्टीको आगामी १४औँ महाधिवेशनमा संस्थापन इतर समूहबाट एक जना मात्र सभापतिको उम्मेदवार हुने बताउनुभएको छ। बिपी कोइराला युवा नेतृत्व विकास मञ्चले ३८औँ बिपी स्मृति दिवसका अवसरमा मंगलबार आयोजना गरेको भर्चुअल कार्यक्रममा उहाँले आफूहरूको समूहबाट को सभापतिको उमेदवार बन्ने भन्ने छलफल भइरहेको स्पष्ट पार्नुभयो।

"काँग्रेसको नेतृत्व परिवर्तन गर्ने हो भने कसैले पनि म होइन, हामी भनेर लाग्नुपर्छ", उहाँले भन्नुभयो राजनीतिमा लागेपछि पार्टी सभापति हुने इच्छा सबैलाई हुन्छ भन्दै उहाँले अहिलेको अवस्थामा कांग्रेसमा नेतृत्व परिवर्तन आवश्यक रहेकाले वा इतर पक्ष एक ठाउँ हुनुपर्नेमा जोड दिनुभयो।

महामन्त्री कोइरालाले काँग्रेसको नेतृत्व परिवर्तनका लागि सबैले त्यागको भावना देखाउने बेला आएको बताउँदै महाधिवेशनको मिति तय भइसकेपछि त्यसलाई प्रभावित पार्न सभापतिले विभाग गठन गरिरहेको आरोप लगाउनुभयो। महाधिवेशन हुनका लागि मात्र आठ महिना बाँकी रहेको अवस्थामा विभागमा नियुक्त भएका साथीहरूले के काम गर्न सक्छन् भनी प्रश्न गर्दै उहाँले आफूले सभापतिलाई सधैँ सहयोग गरेको तर उहाँले 'पार्टीमा एकलौटी गर्न नछाडेकाले' आफू पनि सभापतिविरुद्ध लाग्न बाध्य भएको स्पष्ट पार्नुभयो।

महामन्त्री कोइरालाले अहिले नेपाल कम्युनिष्ट पार्टी (नेकपा) सँग प्रतिस्पर्धाका लागि कांग्रेस एकताबद्ध हुन आवश्यक रहेकामा जोड दिँदै पार्टीलाई एकताबद्ध बनाउन नेतृत्व परिवर्तन आवश्यक रहेको बताउनुभयो। उहाँले काँग्रेस र मुलुक अब बिपी कोइरालाले देखाएको राजनीतिक, आर्थिक तथा सामाजिक परिवर्तनको बाटामा हिँड्न आवश्यक रहेको बताउनुभयो। कार्यक्रममा कांग्रेस केन्द्रीय सदस्य दिलबहादुर धर्ती, बद्री पाण्डे, गगनकुमार थापालगायतले बिपीको योगदानको चर्चा गर्नुभएको थियो।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# मुलुकका नदीमा बहाव बढ्दो : नारायणी र कोशी खतरा तहमाथि

काठमाडौँ, ६ साउन (रासस)।

दुई दिनदेखिको अविरल वर्षाका कारण उपत्यकालगायत मुलुकका अधिकांश भेगको जनजीवन प्रभावित भएको छ। ठाउँठाउँमा बाढीपहिरो गएको छ भने विभिन्न राजमार्ग अवरुद्ध हुन पुगेको छ। अहिले पनि भारी वर्षा जारी रहेकाले जोखिम उच्च हुँदा उचित सावधानी अपनाउन राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले अनुरोध गरेको छ।

बाढी पूर्वानुमान महाशाखाका अनुसार सोमबारदेखि नै नारायणी नदी र कोशी नदीले खतराको तह पार गरेको छ। ठाउँठाउँमा डुबान शुरु भइसकेको छ

बाढी मापन केन्द्र देवघाटका अनुसार नारायणीको खतराको तह आठ मिटरको हो। बिहान ९ बजे नारायणी नदी ९ दशमलव ९ मिटरमा पुगेको छ। यस्तै कोशीको खतरा तह ११ मिटर रहेकामा अहिले नाघेर ११ दशमलव ९७ मिटरमा पुगेको छ। नदीको बहाव अझै बढ्दो क्रममा रहेको छ। नारायणीका कारण सुस्तालगायत आसपास तल्लो र नदी तटीय क्षेत्र डुबानको उच्च जोखिममा रहेको बाढी पूर्वानुमान महाशाखाका हाइड्रोलोजिष्ट सुनिल पोखरेलले जानकारी दिनुभयो।

मकवानपुरको मापन केन्द्रअनुसार पूर्वी राप्ती (मकवानपुर र चितवन हुँदै बग्ने) नदीसमेत बढिरहेकाले सतर्कता तह नजिक पुगेको छ। मंगलबार उक्त नदी खतरातहसम्म पुग्ने अनुमान गरिएको छ। यसले प्रत्यक्षरूपमा चितवनको सौराहा र आसपास क्षेत्र डुबानमा पार्न सक्ने छ। पूर्वी राप्ती ३ दशमलव ३० मिटर सतर्कता तह पार गरी ३ दशमलव ३६ मिटर पुगेको छ। यो नदीको बहाव ३ दशमलव ७० मिटर खतराको तह हो। यस्तै चितवनको माडीस्थित रिऊ नदी पनि बढ्ने क्रममा रहेकाले मंगलबार खतराको आसापास पुग्नसक्ने अनुमान गरिएको छ।

उपत्यकाबाट वाग्मती र सहायक नदी तटीय क्षेत्रसमेत उच्च जोखिममा रहेकाले सावधानी अपनाउन बाढी पूर्वानुमान महाशाखाले अनुरोध गरेको छ। कन्काई, कमला, वाग्मती, पश्चिम राप्ती, बबई र यसका आसपासका सहायक नदीमा बहाव बढ्दो रहेकाले सतर्कता अपनाउन अनुरोध गरेको छ। तिनाउ खतराको आसपास पुग्ने, कर्णाली र महाकालीमा समेत बहाव बढ्ने छ।

मंगलबार बिरिङ, बक्राहा, निन्दा, लोहन्द्रा, चिसाङखोला, त्रियुगा, खाडो, चुरियाखोला, लालबकैया, बाणगङ्गालगायत प्रदेश नं १, २ र ५, गण्डकी, सुदूरपश्चिम प्रदेशका चुरे र तराईबाट बग्ने प्राय नदीमा बहाव बढ्ने र सतर्कता तहसम्म पुग्ने तथा केही नदी खतरा तहसम्म पुग्ने जनाइएको छ। मंगलबार प्रदेश नं १ को केही जिल्ला, प्रदेश नं २ का सबै जिल्ला, वाग्मती, गण्डकी, कर्णाली, सुदूरपश्चिम प्रदेशका धेरै जिल्लामा आकस्मिक बाढीको सम्भावना रहेको छ।

साउन ७ गते भने कोशी, नारायणीमा बाढीको बहाव घट्ने र सतर्कता तह आसपास रहने जनाइएको छ तर कमला, वाग्मती, तिनाउ, पश्चिम राप्ती, बबईलगायतका नदीमा भने बहाव बढ्ने छ। केहीमा आकस्मिकरूपमा बहाव बढी खतराको तहसम्म पुग्ने छ।

## राहत र पुनःस्थापनाका काममा परिचालित हुन आह्वान

काठमाडौँ, ६ साउन (रासस)।

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को मंगलबारको बैठकले सम्पूर्ण जनप्रतिनिधि, पार्टी कार्यकर्ता एवं युवा विद्यार्थीमा प्राकृतिक विपत्तिका बेला स्वयंसेवी भावनाका साथ उद्धार, राहत र पुनःस्थापनाका काममा परिचालित हुन आह्वान गरेको छ।

नियमित अन्य कार्यसूचीमा छलफल नभए पनि मंगलबारको स्थायी कमिटी बैठकले प्राकृतिक विपत्तिको अवस्थालाई ध्यानमा राख्दै उद्धार र राहतका काममलाई अझ प्रभावकारी बनाउन, घाइतेको निशुल्क र भरपर्दो उपचारको प्रबन्ध गर्न, घरबारविहीनलाई अस्थायी आवासको प्रबन्ध गर्न र अभिभावक गुमाएका बालबालिकाको संरक्षणका लागि विशेष प्रबन्ध गर्न सरकारको गम्भीर ध्यानाकर्षण गराएको छ।

बैठकपछि पार्टीका प्रवक्ता नारायणकाजी श्रेष्ठले दिनुभएको जानकारीअनुसार क्षतिग्रस्त सडक तथा पुल तत्काल मर्मत गरी आवागमन चालू गर्न बैठकले आग्रह गरेको छ।

गत असार १० गतेदेखि शुरु स्थायी कमिटीको चौथो बैठकबाट पारित प्रस्तावमा गत जेठ ३० गते मनसुन शुरु भएयता भएको लगातारको वर्षाको कारण देशका विभिन्न भूभाग बाढी, पहिरो र डुबानबाट आक्रान्त भएको जनाइएको छ। प्राकृतिक विपत्तिका कारण मंगलबारसम्म २३३ जनाको ज्यान गएको, ९८ जना बेपत्ता भएको तथा ९९ जना घाइते भएका छन्। दुई सय ८२ भन्दा बढी घर पूर्ण रुपले क्षतिग्रस्त भई परिवार घरबारविहीन र विस्थापित भएका छन्, तराईका विभिन्न भूभाग डुबानमा परेका छन्। राजमार्ग र अन्य सडक तथा पुल क्षतिग्रस्त हुँदा आवागमन अवरुद्ध भएको छ।

स्थायी कमिटीको बैठकले प्राकृतिक विपत्तिमा परी ज्यान गुमाउनेप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा समवेदना र घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गरेको छ। अन्य राजनीतिक कार्यसूचीमा शीर्ष नेताहरूको परामर्श जारी रहेकाले यही साउन १३ गतेसम्मका लागि बैठक स्थगन भएको छ।

# भुइँका जहाजले आकाश छुँदैछन् ...

काठमाडौं, ६ साउन (रासस)।

कोभिड-१९ महामारी नियन्त्रणका लागि बाध्यात्मक रुपमा सरकारले लागू गरेको लकडाउन (बन्दाबन्दी) को झण्डै पाँच महिना अर्थात् १४८ दिनपछि भुईंका जहाज आकाशमा उड्दैछन्। बन्दाबन्दी केही खुकुलो गरिएको सन्दर्भमा सरकारले मुलुकका आन्तरिक तथा अन्तर्राष्ट्रिय उडान खुला गर्ने निर्णय गरेको छ। सोमबारको मन्त्रिपरिषद् बैठकले आगामी भदौ १ गतेदेखि आन्तरिक तथा अन्तर्राष्ट्रिय उडान खुला गर्ने निर्णय गरेको हो।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेश भट्टराईले स्वास्थ्य 'प्रोटोकल' बनाएर उडान शुरु गर्ने तयारी भइरहेको जानकारी दिनुभयो। उहाँका अनुसार साउन १५ देखि होटल तथा ट्राभल खुल्ने भएकाले स्वास्थ्य प्रोटोकल बनाएर कसरी सुरक्षित उडान गर्ने भन्नेबारे मन्त्रालयले सरोकारवालासँग छलफल गरी निर्णय लिइनेछ। आवश्यक स्वास्थ्य प्रोटोकलका आधारमा आगामी हवाई उडान सञ्चालन गरिने मन्त्रालयले जनाएको छ। मन्त्रालयले छिट्टै उडानसम्बन्धी आवश्यक तयारी तथा प्रोटोकल (कार्यविधि) तयार पार्नेछ।

कोरोना महामारीका कारण विश्वभरको हवाई व्यवसाय नराम्ररी असर पर्‍यो। यसको प्रत्यक्ष मारमा नेपाली वायु सेवा कम्पनी परे। कोरोनाका कारण हवाई क्षेत्रको अर्बौं लगानी जोखिममा परेको छ। आकाशमा उड्ने जहाज पाँच महिनादेखि ग्राउण्डेड हुँदा उड्डयन व्यवसाय चौपट भएको छ। यसले समग्र अर्थतन्त्रलाई असर पारेको छ। विदेशी पर्यटक आगमन ठप्पका साथै विदेशी मुद्रा पनि बन्द भएपछि नेपाली अर्थतन्त्रलाई ठूलो असर पर्यटन क्षेत्रबाट पर्ने देखिन्छ।

कोरोनाको जोखिम बढ्ने देखेपछि सरकारले गत चैत ९ देखि अन्तर्राष्ट्रिय तथा चैत ११ देखि आन्तरिक उडान स्थगन गर्ने निर्णय गरेको थियो। सरकारले गत चैत ११ देखि देशभर बन्दाबन्दी लागू गरेको थियो। पछिल्लोपटक साउन ६ गतेसम्म यस्तो प्रतिबन्ध कायम गरिएको थियो।

**साताभित्रै उडान टुङ्गो**

सरकारले भदौं १ गतेदेखि आन्तरिक तथा अन्तर्राष्ट्रिय उडान शुरु गर्ने निर्णय गरेको छ। कोरोना सङ्क्रमणकाबीच सुरक्षित उडान गर्नुपर्ने भएकाले नियामक नेपाल नागरिक उड्डयन प्राधिकरणले तालुकदार पर्यटन मन्त्रालय, एयरलाइन्स अपरेटर तथा स्वास्थ्य विज्ञसहित छलफल गरी एक साताभित्रै उडान टुङ्गो लगाउनेछ।

प्राधिकरणका महानिर्देशक राजन पोखरेलले शुरुमा कुन गन्तव्यमा कति उडान गर्ने भन्नेबारे सरोकारवालासँग छलफल गरेर निष्कर्षमा पुगिने बताउनुभयो। उडान सञ्चालन बारे प्राधिकरणले मंगलबार आन्तरिक छलफल गरेको छ भने बुधबार एयरलाइन्स सञ्चालकसँग छलफल गर्दैछ। आवश्यक मापदण्ड बनाएर पर्यटन मन्त्रालय, एयरलाइन्स सञ्चालक र स्वास्थ्यका अधिकारीसहितको छलफलले एक साताभित्र उडानको टुङ्गो लगाइने महानिर्देशक पोखरेलले बताउनुभयो।

प्राधिकरणले अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठन (आइकाओ) को मार्गनिर्देशन बमोजिम कोरोना भाइरससँग जुधेर कसरी सुरक्षित उडान गर्ने भन्नेबारे यसअघि नै निर्देशिका जारी गरिसकेको छ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलसति अन्य आन्तरिक विमानस्थलले पनि सञ्चालन कार्यविधि बनाएका छन्। वायुसेवा कम्पनीले पनि आ-आफ्नै सुरक्षा 'प्रोटोकल' बनाएर अभ्यास गरिरहेका छन्। देशकै अग्रणी वायु सेवा कम्पनी बुद्ध एयरले प्राधिकरण, विश्व स्वास्थ्य सङ्गठनलगायत निकायको मार्ग निर्देशन र मापदण्डका आधारमा कम्पनीले 'स्टान्टर अपरेटिङ प्रोसिडउर' बनाएर अभ्यास उडान गरिसकेको छ।

**हवाई सेवा प्रदायक आतुर**

बन्दाबन्दीले झण्डै पाँच महिनादेखि व्यावसायिक उडान ठप्प भएकाले हवाई सेवा प्रदायक कम्पनी पनि छिटोभन्दा छिटो व्यवसाय सञ्चालन गर्न आतुर देखिएका छन्। वायुसेवा सञ्चालक सङ्घका प्रवक्ता योगराज कँडेल शर्माले हवाई सेवा पुनः सञ्चालन गर्ने सरकारको निर्णय सकारात्मक रहेको भन्दै वायुसेवा सञ्चालक पनि आवश्यक स्वास्थ्य मापदण्डका साथ सेवा सञ्चालन गर्न तयारी अवस्थामा रहेको जानकारी दिनुभयो। उहाँले तालुकदार मन्त्रालयको मार्ग निर्देशन बमोजिम वायुसेवा कम्पनीले प्रोटोकल बनाएको र एयरलाइन्सका कर्मचारी तथा यात्रुले प्रभावकारी रुपमा पालना गरेको खण्डमा महामारीको जोखिम कम हुने बताउनुभयो।

पछिल्लो समय देशका विभिन्न स्थानमा बाढी पहिरो र डुबानका घटना बढ्नुका साथै राजधानी काठमाडौं जोड्ने मुख्य नाका पृथ्वी राजमार्ग ठाउँ ठाउँमा अवरुद्ध भएको अवस्थामा उद्धार तथा अत्यावश्यक सामग्री आवत जावतमा सहजताका लागि पनि छिटो उडान खोल्नुपर्ने व्यवसायीको सुझाव छ। बुद्ध एयरका प्रबन्ध निर्देशक वीरेन्द्रबहादुर बस्नेतले भदौं १ गतेबाट सबै उडान खोल्ने सरकारको निर्णयले पर्यटन क्षेत्रमा नयाँ आशा जगाएको भन्दै आवश्यक सुरक्षा मापदण्डका साथ सेवा पुनःसञ्चालन गर्न एयरलाइन्स कम्पनी तयारी अवस्थामा रहेको बताउनुभयो।

प्रबन्ध निर्देशक बस्नेतले भन्नुभयो, "पर्यटनमन्त्रीको अथक प्रयासले ढिलै भए पनि उडान शुरु हुनु पर्यटन क्षेत्रका लागि खुशीको कुरा हो। सुरक्षा प्रोटोकल सबैले बनाएका छौं, अब एक दुई दिनमै यसको टुङ्गो लाग्छ। अहिलेको विपद्को बेला अलि चाँडो उडान खुले राज्यलाई पनि सुविधा हुन्छ, भन्ने हाम्रो सुझाव छ।"

श्री एयरलाइन्सका संस्थागत प्रबन्धक अनिल मानन्धरले आन्तरिक उडान सञ्चालनका लागि पूर्ण तयारी अवस्थामा रहेको बताउनुभयो। कोरोनाका बीच सुरक्षित उडानका लागि कम्पनीले स्वास्थ्य मापदण्ड बनाएर अभ्यास उडान गरिसकेको छ। सङ्घका अनुसार आन्तरिक उडानमा ३४ हेलिकोप्टर तथा ४६ वटा जहाजले उडान भर्छन्। आन्तरिकतर्फ १० हेलिकोप्टरसहित १९ वायुसेवा कम्पनीले उडान भर्दै आएका छन्। अन्तर्राष्ट्रियतर्फ तीन नेपालीसहित ३० एयरलाइन्सले अन्तर्राष्ट्रिय उडान भर्दै आएका छन्।

**पर्यटन व्यवसायी उत्साहित**

पर्यटक आगमनको पहिलो ढोकाको रुपमा लिइने अन्तर्राष्ट्रिय उडान शुरु हुने खबरले व्यवसायीमा उत्साह जागेको छ। बन्दाबन्दीको पाँच महिना व्यवसाय ठप्पःप्राय बनेको हवाई उद्योग खुल्ने भएपछि पर्यटन व्यवसायले गति लिने उनीहरुको विश्वास छ। सरकारले हवाई उडान खुलाउने निर्णय गरेसँगै सामाजिक सञ्जाल फेसबुकमा व्यवसायीको 'गुड न्यूज' स्टाटस पोष्ट गरेका छन्।

पर्यटन व्यवसायी नवराज दाहाल, मोहन लम्साल, राजेन्द्र सापकोटा तथा नेपाल पर्यटन बोर्डका पूर्वप्रमुख कार्यकारी अधिकृत दीपकराज जोशीले उडान खोल्ने सरकारी निर्णय पर्यटन क्षेत्रका लागि सुखद समाचार भनी पोष्ट गर्नुभएको छ। बन्दाबन्दीको चार महिनाको अवधिमा पर्यटन तथा हवाई क्षेत्रले ४१ अर्ब नोक्सानी बेहोर्ने पर्यटन मन्त्रालयले आँकलन गरेको छ।

# स्वास्थ्य सुरक्षा अपनाउँदै सार्वजनिक सवारीसाधन सञ्चालन

काठमाडौं, ६ साउन (रासस)।

यात्रु र मजदूरका लागि आवश्यक स्वास्थ्य सुरक्षाको व्यवस्था गर्दै बिहीबारदेखि देशभर सार्वजनिक सवारीसाधन सञ्चालन गर्ने व्यवसायी र मजदूर सङ्गठनले निर्णय गरेका छन्। सरकारले लागू गरेको बन्दाबन्दी बुधबार सम्मका लागि भएकाले बिहीबारदेखि सवारीसाधन सञ्चालन गरिँदैछ।

स्वास्थ्य सुरक्षाको आवश्यक मापदण्ड पूरा गरी सवारीसाधन सञ्चालन गर्न लागिएको नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घ र तीन मजदूर सङ्गठनले मंगलबार पत्रकार सम्मेलनमार्फत जानकारी गराएका हुन्। सरकारले सार्वजनिक सवारीसाधन सञ्चालनको निर्णय गरेको झण्डै दुई सातापछि यातायात व्यवसायीले सवारीसाधन सञ्चालन गर्न लागेका हुन्। व्यवसायी र मजदूर सङ्गठनका अध्यक्ष सहभागी कार्यदलले छोटो, मध्यम, स्थानीय र लामो गरी सबै रुटमा सवारीसाधन सञ्चालन गर्ने जनाएको छ।

यातायात श्रमिकहरूको समूह कोरोना बीमाका लागि नेपाल सरकारले ५० र सम्बन्धित व्यवसायीले ५० प्रतिशत बीमाङ्क रकम उपलब्ध गराउने सहमति भएको महासङ्घका अध्यक्ष योगेन्द्रनाथ कर्माचार्यले बताउनुभयो। यातायात श्रमिकको कोरोनाका कारण मृत्यु भएमा आश्रित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउनका लागि सरकारका तर्फबाट कोष स्थापना गराउने सहमति भएको छ।

त्यस्तै, श्रमिकको आवश्यक मास्क, पञ्जा, स्यानिटाजर, पिपिई व्यवसायीले नै उपलब्ध गराउने सहमति भएको छ। सरकारले सार्वजनिक यातायातमा पनि जोर बिजोर प्रणाली लागू गर्नुपर्ने उहाँको भनाइ छ। उहाँले भन्नुभयो, "कोभिड-१९ लाई मध्यनजर गर्दै तोकिएको भाडादरमा साना, मझौला र ठूला सवारीसाधन सञ्चालन गर्न हामी सबैलाई अनुरोध गर्दछौं।"

विभागका महानिर्देशक, ट्राफिक प्रहरी, स्थानीय तहका प्रतिनिधि सम्मिलित बैठक बसेर आवश्यक स्वास्थ्य सुरक्षाको व्यवस्था गरी सवारीसाधन सञ्चालन गर्ने विषयमा छलफल भएको थियो। सरकारले आवश्यक तयारी पूरा नहुँदै सवारीसाधन सञ्चालनको निर्णय गरेकाले तत्काल सञ्चालन गर्न नसकिएको अध्यक्ष कर्माचार्यले बताउनुभयो। सरकारले निजी सवारीसाधन सञ्चालन गरेपछि नै सार्वजनिक सवारीसाधन सञ्चालन गर्नुपर्छ भन्दै कार्यदलले विभाग, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलगायत सरोकार राख्ने निकायलाई घच्घचाइरहेको थियो। आवश्यक छलफल र बैठक भइरहेको भए पनि तयारी पूरा नभएको उहाँको भनाइ छ। उहाँले भन्नुभयो, "सरकारले निर्णय गर्दासम्म पनि सवारीसाधन सञ्चालन विधि, श्रमिकको स्वास्थ्य र सुरक्षाका विषयमा टुङ्गिएको थिएन।"

नेपाल राष्ट्र बैङ्कले जारी गरेको मौद्रिक नीतिमा यातायात व्यवसायीलाई समेत सम्बोधन गरेको अध्यक्ष कर्माचार्यले बताउनुभयो। नीतिमा किस्ता र ब्याजमा सहुलियत र पुनः कर्जाको विषय समेटिएको छ। यसको कार्यान्वयनका लागि व्यवसायी र स्वरोजगारमैत्री कार्यविधि आउनेसमेत उहाँले विश्वास व्यक्त गर्नुभयो। व्यवसायीले सरकारसँग सवारीसाधन सञ्चालन पहिले यात्रु र चालक, सहचालकको सुरक्षाको प्रत्याभूति चाहेको उहाँको भनाइ छ। उहाँले भन्नुभयो, "त्यसका लागि हामी चालक, सहचालकलाई सुरक्षा सामग्री उपलब्ध गराउँछौं र यात्रुले पनि मास्क लगाएर दूरी कायम गरेर बस्नुपर्छ।"

नेपाल यातायात स्वतन्त्र मजदूर सङ्गठनका अध्यक्ष भीमज्वाला राईले यातायात क्षेत्र ठप्प भएको अवधिमा धेरै मजदूरलाई गाँसबासकै समस्या भएको बताउनुभयो। स्थानीय तहले वडावडामार्फत राहत बाँडे पनि यातायातका मजदूरले त्यो नपाएको उहाँको भनाइ छ। उहाँले भन्नुभयो, "उहाँहरूको राहत मतदाता लक्षित हुने तर हाम्रा साथीहरूको अस्थायी बसोबास भएकाले राहत पाउनुभएन।"

नेपाल यातायात मजदूर सङ्घका अध्यक्ष धर्मराज भण्डारीले मजदूर र व्यवसायी सङ्गठन सवारीसाधन सञ्चालन गर्ने वातावरण बनाउन भन्दै प्रधानमन्त्री, पार्टीका शीर्षनेता, कर्मचारी लगायतसँग भेटघाट गरेको बताउनुभयो। सरकारले यातायात क्षेत्रका समस्या समाधान गरेर सञ्चालनको वातावरण बनाएको उहाँको भनाइ छ।

सरकारले कोभिड-१९ रोकथाम र नियन्त्रणका लागि चैत ११ देखि बन्दाबन्दी जारी गरेको थियो। सार्वजनिक सवारीसाधन चैत १० देखि नै ठप्प छन्। सरकारले गत असार १ देखि निजी सवारीसाधन सञ्चालन गर्ने र असार २६ देखि सार्वजनिक सवारीसाधन सञ्चालनको निर्णय गरेको थियो।

## विश्व समाचार

### विश्वमा कोरोना भाइरस संक्रमणबाट मृत्यु हुने व्यक्तिको संख्या ६ लाख १३ हजार नाघ्यो

जेनेभा, ६ साउन (रासस/एएफपी)।

विश्वमा कोरोना भाइरस संक्रमणको कारण ६ लाख १३ हजार ५४२ व्यक्तिको मृत्यु भएको विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) ले मंगलबार जानकारी दिएको छ। सो संगठनकाअनुसार मंगलबारसम्म विश्वभरीमा १ करोड ४८ लाख ६६ हजार ३९४ जना व्यक्ति कोरोना संक्रमित भएका छन्।

संक्रमित मध्ये हालसम्म ८९ लाख २३ हजार ९५६ व्यक्ति कोरोना मुक्त भएका छन्। विश्वभरमा ५३ लाख २८ हजार ८९६ व्यक्ति कोरोना भाइरस संक्रमित रहेका उनीहरुको उपचार भइरहेको छ। संक्रमितहरु मध्ये ६३ हजार ६९९ जनाको अवस्था गम्भीर रहेको जनाइएको छ। चीनको हुबे प्रान्तको वुहान शहरबाट गत वर्षको डिसेम्बरको अन्त्यबाट शुरु भएको कोरोना भाइरस संक्रमणको कारण अमेरिका सबैभन्दा बढी प्रभावित भएको छ। डब्लुएचओकाअनुसार संयुक्त राज्य अमेरिकामा मात्र ३९ लाख ६१ हजार ५५६ जनामा कोरोना भाइरसका संक्रमित रहेका छन्। यस प्रकोपका कारण अमेरिकामा १ लाख ४३ हजार ८३५ व्यक्तिको मृत्यु भइसकेको बताइएको छ।

दक्षिण अमेरिकामा ३३ लाख ८ हजार ६५ जना कोरोना भाइरस संक्रमति रहेका छन्। यहाँ १ लाख १९ हजार ३६६ जनाको मृत्यु भएको छ। उत्तर अमेरिकामा ४६ लाख ४३ हजार २३५ जना कोरोना भाइरस संक्रमति रहेका छन्। यहाँ १ लाख ९७ हजार ५९६ जनाको मृत्यु भएको छ। युरोपमा २६ लाख ९४ हजार ७११ जना कोरोना भाइरस संक्रमित रहेका छन् भने १ लाख ९९ हजार ५२३ को मृत्यु भएको छ। एसिया ३४ लाख ६५ हजार ४८२ जनामा कोरोना भाइरस संक्रमण रहेको छ भने ८१ हजार ४२८ जनाको मृत्यु भएको छ। अफ्रिकामा ७ लाख ४० हजार २६ जनामा कोरोना भाइरस संक्रमण रहेको छ भने १५ हजार ४६५ जनाको मृत्यु भएको छ। ओसियानामा १४ हजार ११३ जनामा कोरोना भाइरस संक्रमण रहेको छ भने १४९ जनाको मृत्यु भएको छ।

### भारतको आसाम राज्यमा बाढीबाट १११ जनाको मृत्यु, लाखौं व्यक्ति प्रभावित

नयाँ दिल्ली, ६ साउन (रासस/सिन्ह्वा)।

भारतीय उत्तरपूर्वी राज्य आसाममा परेको भारी वर्षा र त्यसपछिको बाढीले १११ जना स्थानीय नागरिकको ज्यान लिएको छ। राज्यका अधिकारीहरुले यहाँ जनधनको ठूलो क्षति भएको बताएका छन्। आसाममा गएका केही दिनयता देखि अविरल वर्षा जारी छ। त्यसैले यहाँ अझै ठूलो क्षति हुन सक्ने त्रास रहेको पनि बताइएको छ।

यहाँ मंगलबार बिहानसम्म मृत्यु हुनेको संख्या १११ पुगेको आसाम राज्यको विपद् व्यवस्थापन विभागलाई उद्धृत गर्दै भारतीय सञ्चारमाध्यमले जनाएका छन्।आसाम राज्यको विपद् व्यवस्थापन विभागले दिएको जानकारीअनुसार यहाँका कम्तीमा पनि २५ लाख मानिस नराम्ररी प्रभावित भएका छन्। उनीहरु घरबास छोडेर सुरक्षित स्थलतर्फ जानुपर्ने अवस्था आएको बताइएको छ।

उक्त विभागले दिएको जानकारीमा यहाँका ८५ जना मानिसको बाढीमा परेर ज्यान गएको छ भने अरु २६ जना पहिरोमा परी मृत्यु भएको छ। सो विभागले गएको हप्ता दिन देखि नै यहाँ अविरल रुपमा वर्षा भइरहेको छ।

आसामका कम्तीमा पनि ३० जिल्लाका ४५ लाखभन्दा बढी मानिस बाढीबाट प्रभावित भएका बताइएको छ। ती मध्ये लाखौं व्यक्ति घरबारविहीन पनि भएका छन्। तर बाढी निरन्तर रहेकोले यस विषयमा विस्तृत रुपमा विवरण भने आइसकेको छैन।

ब्रह्मपुत्र र यसका सहायक नदीमा पानीको बहाव अझैपनि खतराको संकेत माथि रहेको बताइएको छ। ब्रह्मपुत्र नदीले गुहावाटीसमेत राज्यका धेरै जिल्लामा ठूलो क्षति निम्ताएको छ। राज्य सरकारले सचेत रहेर बस्न सूचना जारी गरेको छ। राज्यमा सयौंको संख्यामा शिविरहरु स्थापना गरेर उद्धारको काम जारी राखेको छ। ती क्षेत्रमा भएको क्षतिको विवरण पूर्ण रुपमा अझै आएको छैन। उद्धारको काम जारी रहेको आसामका उद्धारकर्मीहरुले जनाएका छन्। यहाँका सबैभन्दा बढी प्रभावित जिल्लाहरुमा धेमाजी, लखिमपुर, विश्वनाथ, दराङ, बाक्सा, नालबारी, बारपेटा, चिराङ, बोन्गाइगाउँ, कोकाझार, ढुब्री, गोलपारा, कामरुप, मोरीगाउँ लगायतका रहेका छन्।

### भारतमा एकै दिनमा ३७ हजार भन्दा बढी कोरोना भाइरस संक्रमित

नयाँ दिल्ली, ६ साउन (रासस/एएनआई)।

भारतमा कोरोनाभाइरसबाट दैनिक संक्रमितको संख्या बढ्दै जानेक्रममा एकै दिनमा ३७ हजारभन्दा बढी कोरोना भाइरस संक्रमति थपिएका छन्। सरकारी अधिकारीहरुले मंगलबार दिएको जानकारीअनुसार पछिल्लो २४ घण्टामा भारतमा ३७ हजार १४८ जना कोरोना भाइरस संक्रमित थपिएका हुन।

केन्द्रिय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले एकैदिनमा ५८७ जनाको कोरोनाको कारण मृत्यु भएको पनि जनाएको छ। त्यसैसँगै भारतमा कोरोनाकै कारण मृत्यु भएकाहरुको संख्या अहिलेसम्म २८ हजार ८४ पुगेको अधिकारीहरुले जानकारी दिएका छन्। योसँगै भारतमा अहिलेसम्म कोरोनाभाइरसबाट संक्रमित भएकाहरुको संख्या ११ लाख ५५ हजार १९१ पुगेको अधिकारीहरुले जनाएका छन्। भारतमा अहिले पनि ४ लाख २ हजार ५२९ जना संक्रमित अवस्थामै रहेका छन् भने ७ लाख २४ हजार ५७८ जना संक्रमणमुक्त भएका छन्।

कोरोनाबाट भारतमा सबैभन्दा धेरै प्रभावित भएको महाराष्ट्र प्रदेशमा ३ लाख १८ हजार ६९५ जना संक्रमित भएका छन् भने संक्रमणको कारण १२ हजार ३० व्यक्तिको मृत्यु भएको छ। त्यसपछि तमिलनाडुमा १ लाख ७५ हजार ६७८ संक्रमित रहेका छन्। राजधानी समेत रहेको दिल्ली प्रदेशमा १ लाख २३ हजार ७४७ कोरोना भाइरस संक्रमित रहेका छन्।

# विपन्नलाई खाद्यान्न



**दैनिक समाचारदाता**
**राजविराज, ६ साउन ।**

लकडाउनका कारण समस्यामा परेका विपन्न परिवारलाई खाद्यान्न तथा अन्य राहत सामाग्रि बितरण गरिएको छ ।

प्रदेश २ सरकारको सहयोग तथा राजविराज नगरपालिका वडा नं. ९ को समन्वयमा मंगलबार सोही वडाका ७० विपन्न परिवारलाई खाद्यान्न तथा अन्य राहत सामाग्रि बितरण गरिएको हो ।

वडा अध्यक्ष शम्भु प्रसाद यादवले प्रति परिवार २५ किलो चामल, २ किलो दाल, एक लिटर खाने तेल, १ किलो नुन, आधा किलो स्वायबिन र एक/एक थान साबुन विपन्न परिवारलाई बितरण गरेका थिए ।

सो अवसरमा वडा अध्यक्ष यादवले लकडाउनको प्रभाव विपन्न परिवारमा अहिले पनि कायमै रहेकाले राहत स्वरुप खाद्यान्न तथा अन्य सामाग्रि प्रदान गरिएको बताए ।

# विपीको स्मृती दिवसमा बृक्षारोपण



**दैनिक समाचारदाता**
**राजविराज, ६ साउन ।**

३८ औं विपी स्मृती दिवसको अवसरमा मंगलबार सप्तरीको विभिन्न स्थानमा बृक्षारोपन गरिएको छ ।

नेवि संघ सप्तरीका अध्यक्ष घनानन्द यादवको अगुवाइमा जिल्लाको विष्णुपुर गाउँपालिकास्थित स्व. देव नारायण यादव पार्क भित्र बृक्षारोपण गरिएको जिल्ला सचिव रामानन्द देवले जानकारी दिएका छन् ।

सो कार्यक्रममा नेपाली काँग्रेस सप्तरीका सभापति दिनेश कुमार यादव, जिल्ला सदस्य रामकुमार साहको उपस्थिति रहेको थियो । त्यस्तै नेवि संघ सप्तरीका पूर्व अध्यक्ष अर्जुन प्रसाद साह, मो. सब्बिर आजम, बिजय यादव, रामचन्द्र यादव लगायतको उपस्थिति रहेको थियो ।

यस्तै जिल्लाको सुरुङ्गा नगरपालिकास्थित कदमाहा बजारमा रहेको विपीको सालिकमा फुलमाला लगाइ कार्यक्रम गरिएको छ । सो अवसरमा सुरुङ्गाका प्रमुख मुक्तिनाथ चौधरी, काँग्रेस सप्तरीका पूर्व सचिव सबुरलाल साहु, नेता विकेश्वर यादव, नेवि संघका पूर्व सहमहामन्त्री इर्साद अंसारीलगायतको उपस्थिति रहेको थियो ।

# झण्डै चार महिनादेखी लगाइएको लकडाउन हट्यो

**दैनिक समाचारदाता**
**राजविराज, ६ साउन ।**

सरकारले मंगलबार मध्यरातदेखि लागू हुने गरी लकडाउन हटाएको छ । कोरोना भाइरसको सङ्क्रमण फैलने भन्दै सरकारले मुलुकभरि गत चैत ११ गतेदेखि लकडाउन गरेको थियो ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा मंगलबार पत्रकार सम्मेलनमा नेपाल सरकारका प्रवक्तासमेत रहेका अर्थमन्त्री डा युवराज खतिवडाले सो कुराको जानकारी दिएका हुन् ।

लकडाउन घोषणा गरिएको झण्डै चार महिनापछि जनजीवन सामान्य बनाउने ध्येयका साथ सरकारले लकडाउन हटाएको हो ।

बन्दाबन्दीबाहेक कोभिड-१९ रोकथाम, नियन्त्रण र उपचारका सम्बन्धमा गरिएका अन्य व्यवस्था भने यथावत् नै राखिएको छ । स्वास्थ्यसम्बन्धी मापदण्ड अपनाई यही साउन १५ गतेदेखि होटल तथा रेष्टुरेन्टसमेत सञ्चालनमा ल्याउन दिने सरकारको निर्णय छ ।

यद्यपि, सामूहिक भोज, पार्टी, सेमिनार र सामूहिक भेला भने गर्न नपाइने अर्थ, सञ्चार तथा सूचना प्रविधिमन्त्री डा खतिवडाले जानकारी दिए ।

यस्तै, पदयात्रा, पर्वतरोहणलगायत क्षेत्रसमेत साउन १५ गतेदेखि नै सञ्चालनमा ल्याउन दिने निर्णय भएको छ ।

# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# हमरा सभकऽ जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोकेय लेल अपनाबु होशीयारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमसँ फैलऽवाला संक्रमण अछि।
- संक्रमित भेल ब्यक्तिसँ खोकला आऽ छिँकलासँ निकलैवाला थुक आऽ पोटाकऽ माध्यमसँ यी भाइरस एक ब्यक्ती सँ दोसर ब्यक्तिमे फैलइ अछि।

**यी रोगसँ बचबाक लेल की करैय परतई ?**

- खोकैत आऽ छिँकैत काल नाक, मुख झापु आऽ प्रयोग क्यालगेल टिसूपेपरकऽ तुरन्त कुडा फेकेवाला कुडादानीमे फेकू।
- समय-समयमे साबुन पाइनसँ निकसँ मैलमैलकऽ २० सेकेण्डधरि हात धोबु। आऽ सनिटाइजर हातमे लगाबु। ककरोसँ भेटैछी त हात नहिं मिलाबु। खाली नमस्कार आऽ प्रणाम केल करू।
- खोकी लागल आदमीसँ दुरी बनाकऽ रहु। आऽ अगर अपनहूके खोकी लागल अछि त दोसर आदमीसँ दुर रहु। भीडभाडमे नहिं जाउ आऽ दोसरो लोग सभके भीडभाडमे नहिं जाउ से कहिके बुझाबु।
- आवश्यकता पडलापर मास्कके उचीत प्रयोग करू ।

**आरो ध्यान देववाला बात :**

- बुखार लगलापड, खोकी भेलापड आऽ साँस लेलापर दिकत भेलापर जल्दिसँ लगके स्वास्थ्य संस्थामे सम्पर्क करू।
- कोरोना भाइरस रोगके बारेमे बेसी जानकारीके लेल पैसा नहिं लागैवाला टेलीफोन नम्बर १११५ मे फोन कऽ सकैछी।
- डेराऊ नहिं, सतर्क रहू।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग


देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Money Transfer Made Easy
Best Remit Quick & Easy
PRABHU Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
HBL Himalayan Bank Ltd
BATAS
CG Money
CHAUDHARY GROUP



**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*